नेपाल सरकार

शिक्षक सेवा आयोग

# माध्यमिक तह खुला प्रतियोगितात्मक विषयगत परीक्षाको पाठ्यक्रम-२०७६

**विषयः सामाजिक अध्ययन** **पूर्णाङ्क : १००**

**समयः ३ घण्टा**

## खण्डः क

**एकाइ एकः सामाजिक अध्ययनको स्वरुप**

१.१ सामाजिक अध्ययन: उद्देश्य, महत्व, आधार र सामान्यीकरण

१.२ सामाजिक अध्ययनको उत्पत्ति र नेपालमा सामाजिक अध्ययनको विकासक्रम

१.३ बहुविधाको रूपमा सामाजिक अध्ययन र अन्य विषयहरूसङ्गको सम्बन्ध

१.४ माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन

**एकाइ दुईः सामाजिक अध्ययन शिक्षण योजना र विधि**

२.१ सामाजिक अध्ययनमा सिकाइ योजनाको परिचय र महत्व, वार्षिक शैक्षणिक योजना, एकाइ योजना, पाठयोजनाको परिचय, महत्व, निर्माण र प्रयोग

२.२ सामाजिक अध्ययनमा इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, जनसङ्ख्या शिक्षा, दर्शनशास्त्र, मनोविज्ञान: शिक्षण परिचय, उद्देश्य र शिक्षण विधि

२.३ सामाजिक अध्ययन शिक्षणमा प्रयोग हुने महत्वपूर्ण विधिहरूः व्याख्यान, छलफल, प्रश्नोत्तर, आगमन, निगमन, अभिनय, अन्वेषण, समस्या समाधान, प्रदर्शन, अवलोकन, कथाकथन, क्षेत्र भ्रमण, समालोचनात्मक चिन्तन समूह शिक्षण, सूक्ष्म शिक्षण

२.४ सामाजिक अध्ययन शिक्षणमा कक्षाकोठा व्यवस्थापन

२.५ सामाजिक अध्ययन शिक्षणमा शैक्षिक सामाग्रीको निर्माण र प्रयोग, स्रोतशिक्षकको महत्व र भूमिका

**एकाइ तीनः सामाजिक अध्ययनमा सञ्चार प्रविधि र प्रयोग हुने सीप**

३.१ सामाजिक अध्ययनमा सूचना तथा सञ्चार प्रविधिको परिचय, महत्व र प्रयोग

३.२ सामाजिक अध्ययनमा सीपको परिचय र प्रकारः अध्ययन सीप, बौद्धिक सीप, सामाजिक सीप, सूचना तथा सञ्चार सीप

३.३ सामाजिक अध्ययनमा प्रयोगात्मक सीपको प्रयोगः नक्सा, ग्लोब, समयरेखा, कालक्रम/वंशतालिका, चार्ट, स्तम्भचित्र, वृत्तचित्र, रेखाचित्र, रङ तथा संकेत चिह्न, नक्सामा स्थान र संकेत चिन्ह भर्ने तरिका

३.४ भौगोलिक सूचना प्रणाली (जि. आइ. एस.), भूमण्डलीय अवस्थिति मापन प्रणाली (जि.पि.एस.) दूर सम्वेदन (आर. एस.) को अवधारणा र प्रयोग

**एकाइ चारः सामाजिक अध्ययन शिक्षणमा मूल्याङ्कन**

४.१ सामाजिक अध्ययन विषयमा मूल्याङ्कनको परिचय, प्रकार, उद्देश्य र महत्व

४.२ परीक्षा बाहेक मूल्याङ्कनका साधनहरूको परिचय, उद्देश्य र महत्व

४.३ कार्य सञ्चयिका र अक्षराङ्कन पद्धतिको  प्रयोग

४.४ सामाजिक अध्ययनमा समाजमिति र सहभागीमूलक मूल्याङ्कन, अभिवृत्ति र सीप परीक्षण

४.५ विशिष्टीकरण तालिका, प्रश्नपत्र र उत्तरकुञ्जिकाको निर्माण र प्रयोग, असल प्रश्नपत्रका विशेषता र परीक्षा व्यवस्थापन

**एकाइ पाँचः भूगोल र सामाजिक सम्बन्ध**

५.१  विश्वको भौगोलिक चिनारी, महादेशहरूको भौगोलिक, आर्थिक र सामाजिक क्रियाकलाप, विश्व मानचित्रमा नेपाल

५.२ भौगोलिक अवस्था र मानव जीवन

५.३. नेपालको धरातलीय स्वरूप, पर्यावरणीय क्षेत्र र विशेषता

५.४ विपद व्यवस्थापन, जलवायु परिवर्तन र नेपालमा यसको प्रभाव

५.५ नेपालको शहरीकरण, बसाइँ सराइ र जनसंख्याको स्वरुप

## खण्ड ख

**एकाइ छः नेपाल र विश्वको इतिहास**

६.१ नेपालको इतिहासका स्रोतहरु

६.२ नेपालको प्राचीन तथा मध्यकालको सामाजिक र साँस्कृतिक अवस्था

६.३ नेपालको एकीकरणदेखि हालसम्मको राजनीतिक, आर्थिक र सामाजिक अवस्था

६.४ ऐतिहासिक, पुरातात्विक स्थल एवम् स्मारकहरूको खोजी, पहिचान, संरक्षण र संवर्धन

६.५ औद्योगिक क्रान्ति, फ्रान्सको राज्य क्रान्ति, भारतको स्वतन्त्रता सङग्राम, चीनमा साम्यवादी शासन स्थापना, प्रथम र दोस्रो विश्वयुद्ध

**एकाइ सातः नागरिक सचेतना र संविधान**

७.१ नागरिक अधिकार तथा कर्तव्य, नागरिक समाज र यसको भूमिका

७.२ नेपालको संवैधानिक विकासक्रम, वर्तमान संविधानका विशेषताहरु, व्यवस्थापिका, कार्यपालिका र न्यायपलिकाको, काम  कर्तव्य, अधिकार र अन्तरसम्बन्ध

७.३ राज्यका आधारभूत तत्वहरू, राष्ट्रियता र राष्ट्रिय सरोकारका विषय

७.४ नेपालको निर्वाचन प्रणाली, सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरुको गठन, काम कर्तव्य, अधिकार र अन्तरसम्बन्ध

७.५ मानव अधिकार, सूचनाको हक र सुशासन

**एकाइ आठः  नेपालको अर्थतन्त्र र विकास**

८.१ नेपालको अर्थतन्त्र, आर्थिक विकास र योजना, दिगो तथा समावेशी विकास

८.२ नेपालको अर्थतन्त्रमा कृषि, उद्योग, व्यापार, पर्यटन र जलविद्युत

८.३ नेपालमा श्रमशक्ति, रोजगारी, बैदेशिक रोजगार र विप्रेषण, आर्थिक असमानता, निजी लगानी र उद्यमशीलता

८.४ बैङ्क तथा सहकारीको अवधारणा र वित्तीय व्यवस्थापन

**एकाइ नौः नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र समसामयिक घटना**

९.१ नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

९.२ सार्क, विमस्टेक, संयुक्त राष्ट्रसङ्घ, विश्व व्यापार संगठन र नेपाल

९.३ भूपेरिवेष्ठित देश: अधिकार क्षेत्र र समस्या

९.४ नेपाल र विश्वका समसामयिक घटना

**एकाइ दश  समसामयिक सामाजिक मुद्दा र विविधता व्यवस्थापन**

१०.१ सामाजिक वर्ग व्यवस्था र वर्ग विभाजन, समावेशीकरणको अवधारणा र नेपालमा यसको अभ्यास

१०.२ नेपालको सन्दर्भमा सामाजिक मुद्दा: पहिचान र सम्बोधनका प्रयासहरु

१०.३ सामाजिक द्वन्द्व र यसको व्यवस्थापन

१०.४ सामाजिक र सांस्कृतिक परिवर्तनको आधार र तत्त्व

१०.५ सामाजिक विविधता, सद्भाव र सहिष्णुता र समतामूलक समाज

## विशिष्टिकरण तालिका

**विषयः सामाजिक अध्ययन** **तहःमाध्यमिक**

| एकाइ | विषय क्षेत्र | प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|
| **खण्ड क** | | | |
| १ | सामाजिक अध्ययनको स्वरुप | १ | १० |
| २ | सामाजिक अध्ययन शिक्षण योजना र विधि | १ | १० |
| ३ | सामाजिक अध्ययनमा सञ्चार प्रविधि र प्रयोग हुने सीप | १ | १० |
| ४ | सामाजिक अध्ययन शिक्षणमा मूल्याङ्कन | १ | १० |
| ५ | भूगोल र सामाजिक सम्बन्ध | १ | १० |
| **खण्ड ख** | | | |
| ६ | नेपाल र विश्वको इतिहास | १ | १० |
| ७ | नागरिक सचेतना र संविधान | १ | १० |
| ८ | नेपालको अर्थतन्त्र र विकास | १ | १० |
| ९ | नेपालको अन्तराष्ट्रिय सम्बन्ध र समसामयिक घटना | १ | १० |
| १० | समसामयिक सामाजिक मुद्दा र विविधता व्यवस्थापन | १ | १० |
| जम्मा | | | १०० |

**द्रष्टव्यः**

१. पाठ्यक्रम खण्ड क र खण्ड ख गरी दुई खण्डमा विभाजन गरिएको छ।

२. सामान्यतया खण्ड क बाट सोधिने प्रश्नहरु शिक्षण विधिसँग सम्बन्धित हुनेछ।

३. खण्ड ख बाट सोधिने प्रश्नहरु संज्ञानात्मक तहका हुनेछन्।

४. प्रत्येक खण्डको लागि अलग अलग उत्तरपुस्तिकाको प्रयोग गरिनेछ ।

५. लिखित परीक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी वा दुवै हुनेछ ।

६. यो पाठ्यक्रम २०७६।११।२० गते देखि लागू हुनेछ ।